लेखापरीक्षण प्रतिवेदन

रुन्टीगढी गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८१/८२



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

रुन्टीगढी गाउँपालिका, रोल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/328

श्रीमान् अध्यक्षज्यू,
रुन्टीगढी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/328

श्रीमान् अध्यक्षज्यू,
रुन्टीगढी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२.कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१.महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा गाउँपालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्ययतर्फ रु.१ अर्व २२ करोड ८८ लाख ४९ हजारको लेखापरीक्षणबाट रु.५९ लाख ७९ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.३ लाख ३७ हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु.११ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१३ हजार, नियमित गर्नुपर्ने रु.५३ लाख ६८ हजार र पेश्की बाँकी रु.२ लाख ५० हजार गरी जम्मा रु.५६ लाख ४२ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.६ करोड १९ लाख १० हजारमध्ये रु.७२ लाख २५ हजार सम्परीक्षण भई यसवर्षको थपसमेत **हालसम्म अद्यावधिक बेरुजु रु.६ करोड ३ लाख २७ हजार** बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा - लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४.वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। **गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत** रुन्टीगढी गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा

सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
३७	१८	५९,७९,०५५	०	५	३,३६,५७०	०	३७	१३	५६,४२,४८५	११,०५०	५३,६८,६४८	१२,७८७	०	०	५३,८१,४३५	२,५०,०००

अद्यावधिक बेरुजु स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रोल्पा	६,१९,१०,५७१	०	७२,२५,७०८	५,४६,८४,८६३	०	५६,४२,४८५	६,०३,२७,३४८

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
यस वर्षको प्रतिक्रियाबाट सम्परीक्षण				
१	२०८१/८२	२४	दोहोरो सुविधा	११,०५०
२	२०८१/८२	२२	जिन्सी दाखिला	३,१९,०००
३	२०८१/८२	२५	ईन्धन सुविधा	६,५२०
जम्मा				**३,३६,५७०**

गत विगत आर्थिक वर्षको सम्परीक्षण				
४	२०८०/८१	७१.१	सिलाई कटाई तालिम	१,२७५
५	२०८०/८१	६२	वीमा बापत रकम भुक्तानी	३०,१७०
६	२०८०/८१	५५	वीमाको प्रमाण	४५,६६४
७	२०८०/८१	४८	वितरण भरपाई	७६,०००
८	२०८०/८१	५४	रकम फिर्ता	३,६०,०५८
९	२०८०/८१	५१	प्रविधि हस्तान्तरण	२,७६,९६३
१०	२०८०/८१	५३.२	प्रविधि हस्तान्तरण	१,०७,७२०
११	२०८०/८१	५०	प्रमाण पेश	६,४४,९९९
१२	२०८०/८१	४९.२	प्रधानमन्त्री रोजगार कार्यक्रम	३५,४६,२८०
१३	२०८०/८१	६३	नविकरणीय ऊर्जा प्रविधि	७,७०,६२८
१४	२०८०/८१	१९.२	कर्मचारी व्यवस्थापन	८,१०,०००
१५	२०८०/८१	५९.२	उवादेखि लापल हुँदै लिवाङीआप वडा कार्यालय जाने बाटो	१५,९८८
१६	२०८०/८१	४४	अनुदान	६,२५०
१७	२०८०/८१	३७	अनुगमन भत्ता	१२,०००
१८	२०७८/७९	५८	पूर्वनिर्धारित क्षतिपूर्ति	५,२१,७१३
जम्मा				**७२,२५,७०८**
कुल जम्मा				**७५,६२,२७८**

रुन्टीगढी गाउँपालिका, रोल्पा

(८०५५४५०५३००)

रुन्टीगढी गाउँपालिका , रोल्पा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल २३२.६९ वर्ग किलोमिटर तथा २८२९१ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।४।३० देखि २०८२।५।१ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फ रु.१ अर्ब २२ करोड ८८ लाख ४९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२७५७६० असुल भइ दाखिला प्रमाण पेश भएको छ।

सि.नं	बिवरण	रकम रु.
१	बढी भुक्तानी दाखिला	४१२५५
२	पारिश्रमिक कर दाखिला	५२९०३
३	अग्रीम कर दाखिला	२०४०८
४	सामाजिक सुरक्षा भत्ता फिर्ता	१६११९४

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत वित्तीय विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनूसूचीमा सम्लग्न गरिएको छ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		२६०६४१५६.५९	चालु खर्च		३४७७०१५४४.२०
१. संचित कोष	१२५२९९४३.११		१. पालिका तर्फ	१३०६०७४३९	
२. धरौटी	९६००८२१.८३		२. संघीय सशर्त	२१५१९३९०६.२०	
३. कार्यसञ्चालन कोष	३९३३३९१.३५		३. संघीय विशेष		
४. अन्य कोष			४. प्रदेश सशर्त	१९००१९९	
यस वर्षको आय			५. प्रदेश विशेष		
१. आन्तरिक आय	१०३१९३९३.९९	१०३१९३९३.९९	पुँजीगत खर्च		१४७९०९८१५
२. वित्तीय हस्तान्तरण (संघ)		४५८८४८१२५	१. पालिका तर्फ	९००१८३९०	
क) समानीकरण अनुदान	९१३०१२००		२. संघीय सशर्त	२५९१३५८८	
ख) राजस्व बाँडफाँट	११२२७९४५०.३		३. संघीय विशेष	५९५३०२१	
ग) सशर्त अनुदान	२४११०७४९४.१		४. संघीय समपुरक	८२०६९६०	
घ) समपुरक अनुदान	८२०६९६०		५. प्रदेश सशर्त	१२१५३०२७	
ङ) विशेष अनुदान	५९५३०२१		६. प्रदेश विशेष	१६१७३६९	
च) रोयल्टी			७. प्रदेश समपुरक	४०४७४६०	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		१०४२३०३०३
३. वित्तीय हस्तान्तरण (प्रदेश)		३५९९६९८९	क) सामाजिक सुरक्षा	१०४२३०३०३	
क) समानीकरण अनुदान	६६३२०००		ख) गरिबसँग विशेश्वर कार्यक्रम		
ख) राजस्व बाँडफाँट	९६४६९३४.०९		…………..		
ग) सशर्त अनुदान	१४०५३२२६		अन्तर सरकारी अख्तियारी (प्रदेश)		
घ) समपुरक अनुदान	४०४७४६०		ऋण फिर्ता(साँवा)		
ङ) विशेष अनुदान	१६१७३६९		ऋणको ब्याज भुक्तानी		
च) रोयल्टी			धरौटी फिर्ता तथा सदर स्याहा	५३१०८९४.६४	५३१०८९४.६४
छ) अन्य			कार्यसञ्चालन कोषबाट भएको खर्च	५११०७४६	५११०७४६
४. अन्तर सरकारी अख्तियारी (संघ)		१०४२३०३०३	अन्य कोषबाट भएको खर्च		
क) सामाजिक सुरक्षा	१०४२३०३०३		गैरसरकारी संस्थाबाट		

			सञ्चालित योजना		
ख) गरिबसँग विशेश्वर कार्यक्रम			अन्य सहयोगमा सञ्चालित योजना		
…………..			अन्य खर्च भएमा		
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)			अनुदान फिर्ता		
६. ऋण / वित्तीय व्यवस्था			१. संघ तर्फ		
७. धरौटी आय	४८५६४६५	४८५६४६५	क) सशर्त अनुदान		
८. कार्यसञ्चालन कोष आय	४३३५०२८.५८	४३३५०२८.५८	ख) विशेष अनुदान		
९. अन्य कोषको आय			ग) समपुरक अनुदान		
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			२. प्रदेश तर्फ		
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान		
१२. अन्यआय भएमा			ख) विशेष अनुदान		
			ग) समपुरक अनुदान		
			अन्तिम मौज्दात		३४३८७१५८.२
			१. संचित कोषको मौज्दात	२२०८३०९१.४१	
			२. धरौटी	९१४६३९२.३६	
			३. कार्यसञ्चालनकोष	३१५७६७४.४३	
			४. अन्यकोष		
जम्मा	६४४६५०४६१	६४४६५०४६१	जम्मा	६४४६५०४६१	६४४६५०४६१

३ वित्तीय विवरण

३.१ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्।-

(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ। पालिकाले

सामाजिक सुरक्षा तथा संरक्षणको रु.१० करोड ४२ लाख ३० हजारको सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३.३ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

संकेत	कोष खाता	स्रेस्ताअनुसार मौज्दात रु	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
ग ६.१	स्थानीयतह विभाज्य कोष खाता	५२५७.२०	५२५७.२०	०
ग ४.१	स्थानीयतह सञ्चित कोष खाता	२२०६६१८८.६१	२२०८३०९१.४१	१६९०२
ग ३.१	स्धानीयतह धरौटी खाता	९१४६३९२.३६	९१४६३९२.३६	०
ग ५.१	स्थानीयतह विविध कोष खाता	७०९९०३.१५	१०१४७७८.४३	३०४८७५.२८
ग ७.२	स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता	२१४२८८६	२१४२८८६	०
		३४०७०६२७.३२	३४३९२४०५.४०	३२१७७८.०८

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

४ बजेट तथा कार्यक्रम

४.१ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

४.२ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ३१६ योजनामा वजेट विनियोजन गरेको छ। कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

क.स.	कार्यक्रमको नाम	योजना संख्या	रु.२० लाख माथिका योजना	रु.५लाख देखि २० सम्मको योजना संख्या	रु.५ लाखभन्दा कमका योजना सङ्ख्या
१	पालिकास्तरीय	१११	१६	३९	५६
२	वडास्तरीय	२०५	१	६८	१३६

उल्लिखित विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ।जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा असर पर्न सक्ने हुँदा पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु कार्यान्वयन गर्नुपर्दछ।

४.३

बजेट तथा कार्यक्रम तर्जुमा - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

४.४ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाको उपप्रमुखले मिति २०८१।३।८ मा रु.५८ करोड १२ लाख ७४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।३० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

४.५ **रकमान्तर** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था छ। गाउँसभाले पुँजीगत तथा चालु शीर्षकका १०३ वटा योजन तथा कार्यक्रममा विनियोजन भएको ४ करोड ११ लाख ५० हजार घट गरी कूल १४४ वटा योजना तथा कार्यक्रममा रु.४ करोड १३ लाख ५० हजार बजेट रकमान्तर गरेको छ। उक्त रकम सुरु बजेट रु.५८ करोड १२ लाख ७४ हजारको तुलनामा ७ प्रतिशत हुन आउछ। यसरी पालिकाले गाउँसभाबाट ४ करोड १३ लाख ५० हजार आर्थिक वर्षको अन्त्यमा रकमान्तर गर्ने परिपाटीमा सुधार हुनुपर्दछ। साथै रकमान्तर गरेको रकम मध्ये निम्नानुसार ७ योजनामा रु.१७ लाख ५० हजार खर्च गरेको देखिएन। रकमान्तर गरी खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ।

क्र.सं.	**योजनाको नाम**	**रकम रु हजारमा**
१	पोखरधारा दमाईटोल मोड वलि डाडा हुम्ना सम्म सम्म कालोपत्रे डि.पि आर र पोखरधारा दमाईटोल पौवा खर्चे सम्म कालोपत्रे डि.पि.आर वडा नं ४ को कार्यालय देखि तल्लो मसीनासम्म कालोपत्रे डि.पि आर निर्माण योजना	५००
२	टंकसुपारी स्मृती कप खेलकुद कार्यक्रम	१००
३	अन्तरपालिका भ्रमण, सिकाइ आदान प्रदान, तथा अबलोकन भ्रमण	५००
४	गाउँपालिकामा रहेको गेटको मर्मत सुधार तथा पार्कीङ व्यवस्थापन योजना	३००
५	खुम्बास खारा डुब्रिङ मोटरबाटो स्तरोन्नती वडा ३	१००
६	कोवाङ चौवाङ मोटरबाटो निर्माण तथा स्तरोन्नती योजना	१५०
७	जनकल्यान मा बि सर्पालमा खानेपानीको लागी मुहान मर्मत तथा फिल्टर खरीद योजना	१००
जम्मा		१७५०

४.६ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा स्वीकृत भएको बजेट तथा कार्यक्रम अनुसूची २ बमोजिम त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

रु.हजारमा

बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिनाको खर्च
		प्रथम	दोस्रो	तेश्रो	चौथो	
पुँजीगत खर्चतर्फ	१४७९०९	२७२५	६३७४	३४०९६	१०४७१४	६७१९८
खर्च प्रतिशत	१००	१.८५	४.३१	२३.०५	७०.७९	४५.४३

पालिकाको पुँजीगत तर्फ रु.१४ करोड ७९ लाख ९ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.२७ लाख २५ हजार (१.८५ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.६३ लाख ७४ हजार (४.३१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३ करोड ४० लाख ९६ हजार (२३.०५ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१० करोड ४७ लाख १४ हजार (७०.७९ प्रतिशत) खर्च गरेको देखिन्छ। त्यसै गरी आषाढ महिनामा मात्र रु.६ करोड ७१ लाख ९८ हजार (४५.४३ प्रतिशत) खर्च देखिनुले आषाढमा खर्चको चाप बढ्न गई सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

४.७ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

रु.हजारमा

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्चको तुलनामा खर्च प्रतिशत
१	आर्थिक विकास	४२६९०	३४९०३	७.०४
२	सामाजिक विकास	२६७८६८	२३८७१७	४८.१७
३	पूर्वाधार विकास	११४२२०	८६३३४	१७.४२
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१९६८०	१४२९४	२.८८
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१३६८१६	१२१३६३	२४.४९
जम्मा		**५८१२७४**	**४९५६११**	**१००**

पालिकाले कुल बजेट विनियोजनको तुलनामा ८५.२६ प्रतिशत खर्च गरेको छ। त्यस्तै सभाले विनियोजन गरेको बजेट मध्ये कुल खर्चको तुलनामा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४८.१७ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी २.८८ प्रतिशत खर्च गरेको छ। पालिकाले क्षेत्रगत रुपमा सन्तुलन कायम गरी बजेट विनियोजन एवमं खर्चको व्यवस्थापन गर्नुपर्दछ।

५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्न सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको देखिएन।

• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन,अभिलेखांकन र व्यवस्थापन नगरेको,

• सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले खरिद वार्षिक खरिद योजना तयार गरेको छैन,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाम मात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो।

• पालिका भित्रका विद्यालयको अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउनु पर्ने देखिन्छ ।

६ **संगठन तथा कर्मचारी व्यवस्थापन**

६.१ **तलवी प्रतिवेदन** - लुम्बिनी प्रदेश निजामती सेवा ऐन,२०८० को दफा ४७ को उपदफा ४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई स्वास्थ्य तर्फ ५२ कर्मचारीको रु.२ करोड ९० लाख ३७ हजार र पालिकाका २५ जना कर्मचारीको रु १ करोड ७६ लाख १० हजार गरी रु.४ करोड ६६ लाख ४७ हजार खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

६.२ **दरबन्दी तथा पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित २५ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका ईन्जिनियर,प्रशासन अधिकृत,प्रशासन सहायक,सब इन्जिनियर लगायत विभिन्न १२ पद रिक्त रहेको देखिन्छ। रिक्त पदको लोकसेवा आयोगमा माग गरेता पनि पदपूर्ति नभएको पालिकाले जनाएको छ। स्वीकृत दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन गरी सेवालाई प्रभावकारी बनाउनुपर्दछ।

७ **कानुन निर्माण एवं कार्यान्वयन**

७.१ **कानुन र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार हालसम्म ६ वटा ऐन, ५ वटा नियमावली, ५८ कार्यविधि लगायत ६९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। पालिकाले देहयका कानुनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानुनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

क्र.सं.	ऐन, नियमावली, कार्यविधि, निर्देशिकाहरुको विवरण	सभाबाट स्वीकृत मिति
१	रुन्टीगढी गाउँपालिकाको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन ऐन, २०७८	२०७८।८।२
२	रुन्टीगढी गाउँपालिकाको पूर्वाधार विकास व्यवस्थापन ऐन, २०७८	२०७८।८।२
३	कन्टिजेन्सी रकम व्यवस्थापन तथा खर्च सम्वन्धी कार्यविधि, २०७६	२०७६।९।९
४	गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४	२०७४।४।२३
५	गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४	२०७४।४।२३
६	लेखा समितिको कार्य सञ्चालन नियमावली, २०७८	२०७८।९।२६
७	जलस्रोत उपयोग सम्वन्धी विधेयक, २०७६	२०७८।८।२
८	रुन्टीगढी गाउँपालिकाको तथ्याङ्क तथा अभिलेख व्यवस्थापन, २०७८	२०७८।८।२
९	रुन्टीगढी गाउँपालिकाको सार्वजनिक निजी साझेदारी सम्बन्धमा व्यवस्थापन गर्न बनेको विधेयक, २०७८	२०७८।८।२
१०	पशु सेवा सम्बन्धि कार्यक्रमहरु संचालन निर्देशिका,२०७६	२०७६।९।९
११	तालिम, गोष्ठी, कार्यशाला तथा अध्ययन भ्रमण खर्च सम्बन्धी निर्देशिका, २०७६	२०७६।९।९
१२	रुन्टीगढी गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०७८	२०७८।८।२

७.२ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २५ र यो वर्ष थप भएको ७० गरी कुल ९५ विवाद दर्ता भएकोमा ७४ वटा मात्र फर्स्यौट भई २१ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

८ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ मा मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिकाभित्र ३३ वटा सहकारी संस्था रहेकोमा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे परीक्षण गर्न सकिएन। ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

९ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था छ।गाउँपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ।

विवरण	निवेदन दर्ता	सिफारिस भएको संख्या
जन्मदर्ता	८१३	८१३
मृत्युदर्ता	२५२	२५२
बसाईसराई दर्ता	१७१	१७१
विवाह दर्ता	३१४	३१४
सम्बन्धविच्छेद दर्ता	४७	४७

१० **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ मा स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय २०८०।८१	आन्तरिक आय २०८१।८२	आन्तरिक आय प्रतिशत
४९४८४५११३	८७२६३५३	१०३२०२९४	२.०८

उल्लिखित विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानको तुलनामा आन्तरिक आयको हिस्सा २.०८ प्रतिशत मात्र रहेको छ। पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ।

११ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पत्ति कर	०	१२११२१	
भुमिकर/मालपोत	१५०००००	२२१९७७८.१०	१४७.९८
वहाल कर	३०००००	३७२२५६	१२४.०८
वहाल विटौरी कर	२०००००	०	०
सवारी साधन कर (साना सवारी)	१०००००	०	०
व्यवसायले भुक्तानी गर्ने	०	११०००	
कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०	३६९८५	
अन्य कर	१०००००	२०००	२
सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	१०००००	१६२७५०	१६२.७५
अन्य बिक्रीबाट प्राप्त रकम	२५०००००	१५८७४०९.५५	६३.४९
अन्य सेवा शुल्क तथा बिक्री	१००००००	१०४६३४६	१०४.६३
न्यायिक दस्तूर	३००००	२३७१५	७९.०५
शिक्षा क्षेत्रको आम्दानी	१०००००	२१५००	२१.५०
परीक्षा शुल्क	१०००००	०	०
अन्य प्रशासनिक सेवा शुल्क	२०००००	१०८५००	५४.२५
नक्सापास दस्तुर	२०००००	०	०
सिफारिश दस्तुर	८०००००	१३८३९३०	१७.२९
व्यक्तिगत घटना दर्ता दस्तुर	४०००००	५८८८००	१४७.२०
नाता प्रमाणित दस्तुर	८०००००	१५६६००	१९.५७
अन्य दस्तुर	०	११३००	
व्यावसाय रजिष्ट्रेशन दस्तुर	१०००००	०	०
रेडियो/एफ.एम.सञ्चालन दस्तुर	१०००००	०	०
न्यायिक दण्ड,जरिवाना र जफत	१०००००	०	०
प्रशासनिक दण्ड,जरिवाना र जफत	१०००००	०	०
अन्य राजस्व	५७००००	११५८५१२.३४	२०३.२४
व्यवसाय कर	८०००००	५३२१४७	६६.५१
बेरूजू	८०००००	७७५६४४	९६.९५
जम्मा	११००००००	१०३२०२९४	९३.८२

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१२ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. ५ लाख ३२ हजार कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। पालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

१३ **इन्धन खर्च**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका,२०८१ परिच्छेद ७ मा सवारी साधन पाउने पदाधिकारीको ईन्धन सुविधा सम्बन्धि मापदण्ड रहेको छ। पालिकामा ट्रिपर,ट्रक,लोडर लगायतका विभिन्न प्रकारका सवारी साधन रहेकोमा ईन्धन सुविधा सम्बन्धि मापदण्ड/कार्यविधि बनाएको छैन। पालिकाबाट प्राप्त विवरण अनुसार चालु हालतमा रहेका मोटरसाइकल- २४, स्कुटर-२, स्कार्पियो १ गरी जम्मा सवारी साधन २७ संचालनमा रहेको देखिन्छ। यस वर्ष पालिकाले ईन्धन वापत रु.२४ लाख ९८ हजार खर्च गरेको छ। इन्धन खर्च गर्दा मापदण्ड बनाई खर्च गर्नुपर्दछ।

१४ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ मा व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमाली,२०७७ को नियम ३९ मा सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले यसवर्ष विविध खर्चतर्फ कुल आन्तरिक आय रु.१ करोड ३ लाख १९ हजारको तुलनामा करिव ३० प्रतिशत अर्थात् रु. ३० लाख ९६ हजार खाना,खाजा,पानी,चिया तथा विभिन्न कार्यक्रम खर्च लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्च गर्दा खर्चको विल भरपाई पेश भएतापनि कतिपय खर्चका विलभरपाई साथ सो कामसँग सम्बन्धित निर्णय सहितका पुष्टि हुने प्रमाण संलग्न गर्ने गरेको देखिएन। विविध खर्चको स्पष्ट उद्वेश्य र खर्चको यथार्थता प्रमाणित हुने प्रमाण समेत खर्च साथ राखेर खर्च गर्ने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ।

१५ **कृषि अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायतका कृषि,पशुपन्छी,बालीनाली,मत्स्य आदी सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ।यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको संलग्नता सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार,प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्षलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष ९६ व्यक्ति तथा समूहलाई रु. २११९०२० खर्च भएको व्यहोरा निम्नानुसार रहेको छ।यस्ता खर्चको पारदर्शिता र जवाफदेहीता प्रबर्द्धनको लागि अनुदान प्राप्त गर्ने कृषकको नाम,ठेगाना र अनुदानको किसिम तथा रकम वेवसाइटमा सार्वजनिकीकरण गर्नुपर्दछ।

क्र.स.	कार्यक्रमको नाम	अनुदानको किसिम	परिमाण	रकम रु हजारमा
१	हाते ट्याक्टेर तथा थ्रेसर खरिद वितरण	५० प्रतिशत अनुदान	५	३७५०००
२	मिनिटिलर वितरण	५० प्रतिशत अनुदान	१२	९०००००
३	मल्चिङ खरिद तथा वितरण	५० प्रतिशत अनुदान	२०१	८४४०२०
जम्मा			२१८	२११९०२०

१६ **उपभोक्ता समितिबाट कार्य**

१६.१ (४६-2082-03-24):

युद्ध पर्यटन सम्बन्धी संरचना - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समितिले पाएको काम आँफैले गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सवकन्ट्र्याक्टरबाट गराउन नसकिने, कुनै कारणवश सो समिति आँफैले सो काम

सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनुपर्ने, त्यसरी सूचना प्राप्त भएपछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली अनुसार गराउनुपर्ने व्यवस्था छ। दहवन खर्से र उघा क्याम्पको संरक्षण तथा ती स्थान लगायत होलेरीको पुरानो प्रहरी चौकी रहेको स्थानमा युद्ध पर्यटन सम्बन्धी संरचनाहरु निर्माणको लागि रु. ४७९७४१२ रकममा उपभोक्ता समितिसँग सम्झौता गरी कार्यादेश दिईएकोमा उपभोक्ता समितिले टोपेन्द्र कलाकेन्द्र, सल्यानसँग पुन सम्झौता गरी प्रतिवर्ग फिट रु. १०५०० का दरले जम्मा ३४४।१४ वर्गफिटका युद्धलाई झल्काउने मूर्ति निर्माण गराई रु. ४०८३२४७ को बिल पेश गरेको आधारमा उपभोक्ता समितिलाई रु.४३१७४५८ भुक्तानी गरेको देखिन्छ। उपभोक्ता समितिले गरेको कार्यको ९५ प्रतिशत कार्य टोपेन्द्र कलाकेन्द्रबाट गराएको देखिन्छ। उपभोक्ता समितिले अन्य फर्मबाट कार्य गराएको नियमसंगत देखिदैंन।

अनियमित भएको	४०,८३,२४७

१६.२ **हेभि ईक्युपमेन्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम ९ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यत: डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन।

क्र.सं.	योजना	भौ.नं./मिति	निर्माण व्यवसायी	बिजक नं.	मेसिनलाई भुक्तानी
१.	जालनेतादेखि डिक्रावनसम्म मोटरबाटो स्तरोन्नती	२९।२०८१। ०९।१७	बिन्दु निर्माण सेवा एण्ड सप्लायर्स	०१।२०८१। ०९१२	३८४२४७
२	९ नं. वडाका बाटो सरसफाई	४३।२०८१। ०४।०७	पुन बिल्डर्स प्रा.लि.	०१२।२०८१। १०।०१	५७२९७२
३	६ नं. वडाका बाटो सरसफाई	४५।२०८१। १०।०७	बिष्ट ईन्जिनियरीङ्ग कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.		४६७७३५
४	२ नं. वडाका बाटो सरसफाई	४७।२०८१। १०।०८	पुन बिल्डर्स प्रा.लि.	०१४।२०८१। १०।०१	४१५७२३
५	बान्द्रे दामटाकुरा कृषि सडक	५२।२०८१। १०।०८	मोहित हार्डवेयर सप्लायर्स एण्ड निर्माण सेवा	२०।२०८१।१०। ०८	२३४१३७
६	३ नं. वडाका बाटो सरसफाई	५६।२०८१। १०।१३	वाई.एम. कन्स्ट्रक्सन प्रा.लि.	०२।२०८१।१०। १०	४७००५०
७	४ नं. वडाका बाटो सरसफाई	६५।२०८१। ०३।२०	वाई.एम. कन्स्ट्रक्सन प्रा.लि.	०१।२०८१।१०। १०	३५१२५०
८	खारखोला कसेरी झेल्पा सडक निर्माण	६६।२०८१। १०।२०	दाङ्ग रोल्पा विल्डर्स प्रा.लि.	०५।२०८१।१०। ०६	३३५२७०
९	१ नं. वडाका बाटो सरसफाई	७२।२०८१। १०।२३	पुन बिल्डर्स प्रा.लि.	०१७।२०८१। १०।१५	५६४७३०

१७ **परामर्श सेवा**

परामर्शदातासँग मिति २०८२।०१।०३ मा सम्झौता भएको र ५ महिनाभित्र प्रतिवेदन पेश गर्ने कार्यादेश दिएको देखिन्छ। RFP को दफा ६ मा पहिलो महिना literature review र inception report गर्ने, दोस्रो महिना फिल्ड वर्क गर्ने, तेस्रो महिना डेटा एनालाईसिस र ड्राफ्ट लेखन गर्ने र पाँचौ महिनामा अन्तिम प्रतिवेदन पेश गर्ने तालिका रहेको देखिन्छ। चरणबद्ध रुपमा ५ महिनामा सम्पन्न गर्ने गरी ईस्टिमेट गरेको कार्य २.५ महिनामा पेश भएको देखिएकोले यसबाट पर्याप्त र गुणस्तरीय रुपमा अध्ययन तथा सर्वेक्षणको कार्य भएकोमा आश्वस्त हुन सकिएन। पर्याप्त समय राखेर सेवा खरिद गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१८ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ४ मा सम्बन्धित स्थानीय तहको समन्वयमा संघीय आयोजना कार्यान्वयन एकाई वा सघन शहरी तथा भवन निर्माण आयोजनाले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल, गारो आदीको आधारमा अंक प्रदान गरी प्राथमिकताक्रमसहित लाभग्राहीको सूची तयार पारी सुरक्षित नागरिक आवास समन्वय समितिमा पेश गर्नुपर्ने र समन्वय समितिले बढि अंक प्राप्त गर्ने र प्राथमिकता दिनुपर्नेलाई क्रमैसँग लाभग्राहीको रुपमा छनौट गर्ने व्यवस्था छ । पालिकाले वडा कार्यालयको सिफारिसको आधारमा १६० लाभग्राही छनौट गरी १५९ लाभग्राहीलाई रु. ७९५०००० भुक्तानी दिएको देखिन्छ । निवेदन संकलन गर्न सूचना प्रकाशन तथा प्राविधिकबाट सर्वेक्षण नगराई मापदण्ड बेगर वडाको सिफारीसको आधारमा लाभग्राही छनौट गर्दा प्राथमिकता पाउनुपर्ने लाभग्राही छुट्ने हुँदा कार्यविधिको प्रक्रिया अनुसार लाभग्राही छनौट गर्ने गर्नुपर्दछ।

१९ **अन्य कार्यालयको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ। सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन

भएको निकायको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्यक्षेत्र भन्दा बाहिरका देहायका निकायलाई गरेको खर्च नियमसम्मत देखिदैन।

क्र.स.	विवरण	कार्यालय	रकम
२०४-२०८१।१०।७	कार्यालय व्यवस्थापन	अस्थायी प्रहरी पोष्ट कुर्जा	५९१५४
१७९-२०८१।९।१७	सवारी साधन मर्मत खर्च	सुर्पाल प्रहरी चौकी	३९८९०
६३८-२०८२।३।१८	सवारी साधन मर्मत खर्च	प्रहरी चौकी धौलावाङ	१९७००
७०१-२०८२।३।२३	घरभाडा भुक्तानी	प्रहरी चौकी	२००००
६६३-२०८२।३।२०	विभिन्न विलका आधारका भुक्तानी	इलाका प्रहरी कार्यालय,होलेरी	१४०४१९
७००-२०८२।३।२३	मोठ सुधार सहयोग	जिल्ला मालपोत कार्यालय	१०००००
३३३-२०८२।३।२२	भवन निर्माण	प्रहरी चौकी धौलावाङ	३०५६९६
जम्मा			६८४८५९

अनियमित भएको	६,८४,८५९

२० **विज्ञापन बोर्डको कोष खाता**

विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१(ख) र विज्ञापन (नियमन गर्ने) नियमावली, २077 को नियम ६(क) मा सरकारी निकायले विज्ञापन वा सुचना प्रकाशन तथा प्रशारण वापतको त्यस्तो एजेन्सीले जारी गरेको विल बमोजिमको रकम भुक्तानी गर्दा भुक्तानी रकमको ३ प्रतिशत कट्टी गरी वोर्डको कोष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले विज्ञापन तथा सुचना प्रकाशन गरे वापत निम्नानुसार भुक्तानीमा 3 प्रतिशत रकम कट्टी नगरी भुक्तानी गरेको देखिएकोले वोर्डमा जम्मा गर्नुपर्ने रु. १२७८७ जम्मा गरेको प्रमाण पेश गर्नुपर्ने रु.

गो.भौ.नं. र मिति	भुक्तानी पाउने	स्थायी लेखा नम्बर	भुक्तानी रकम	३ प्रतिशत रकम
विभिन्न	नयाँ युगबोध प्रकाशन प्रा.लि.	३०५७३६७३२	१०९६३२	३२८९
	मिडिया जर्नल प्रा.लि.	३०४५६४८७१	३१६६०७	९४९८
जम्मा				१२७८७

प्रमाण पेश नगरेको	१२,७८७

२१ **करार कर्मचारीको ग्रेड तथा थप सञ्चयकोष**

नेपाल सरकार, मन्त्रीपरिषद्को २०७४।१।२१ को निर्णयानुसार पालिकाको स्वीकृत दरवन्दी भित्र करारमा रहेका कर्मचारीहरुलाई प्रदान गर्ने सुविधासम्बन्धी व्यवस्थामा करारमा कार्यरत कर्मचारीहरुलाई ग्रेड र सञ्चयकोष कट्टी गरी थप गर्ने व्यवस्था रहेको देखिदैन। गाउँसभाको मिति २०७८।०३।२५ को निर्णयबाट साविक जिविसबाट आएका अस्थायी करार कर्मचारीहरुलाई ग्रेड र १० प्रतिशत थप सञ्चयकोष मासिक रुपमा भुक्तानी गरेको देखिन्छ। ऐन कानूनमा व्यवस्था नभएको र विगत बर्षको सभाको निर्णयको आधारमा करार कर्मचारीलाई ग्रेड र संचयकोष भुक्तानी गरेको रकम नियमसम्मत देखिँदैन।

कर्मचारीको नाम	तलब स्केल	थप ग्रेड मासिक	जम्मा संचयकोष थप सहित	मासिक वढी रकम	चाडपर्व सहित वार्षिक वढी रु
ध्रुव प्रकाश मल्ल	३४७३०	८१०६	४७४४९	१२७१९	१६०७३४
दीपेन्द्र घर्ती मगर	३४७३०	१०४३२	४९६७८	१४९४८	१८९८०८
जम्मा	६९४६०	१८५३८	९७१२७	२७६६७	३५०५४२

अनियमित भएको	३,५०,५४२

२२ **जिन्सी दाखिला**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-११-२२** को निर्णयले रू **३१९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२३ **प्रधानमन्त्री रोजगार कार्यक्रम/रोजगार सृजना**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवमं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको र कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ कार्यान्वयनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाका ९ वडामा ९ योजना सञ्चालन गरी यस वर्ष ७५ जनालाई औषत ९९ दिनले ७४९३ दिन रोजगारी उपलब्ध गराई रु.५००५३२४ भुक्तानी गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिदैन। कार्यक्रममा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्छ।

२४ **दोहोरो सुविधा** (३४४-2082-03-23):

गाउँपालिकाको कर्मचारी प्रोत्साहन तथा फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०७७ को दफा ५(२) मा प्राविधिक शाखाका ईन्जिनियर, सव ईन्जिनियर र असिस्टेन्ट सव ईन्जिनियरलाई विनियोजित बजेटबाट क्रमश: रु.१६०००, १४००० र १२००० का दरले मासिक फिल्ड भत्ता उपलब्ध गराउने व्यवस्था छ। देहायका प्राविधिक कर्मचारीलाई मासिक रुपमा उपलब्ध गराएको फिल्ड भत्ताका अतिरिक्त अनुगमन भत्ताका रुपमा देहाय अनुसार भत्ता वितरण गरेको देखिएकोले त्यसरी दोहोरो हुने गरी वितरण गरेको भत्ता रकम असुल गर्नुपर्दछ।

क्र.सं.	**कर्मचारी**	**भत्ता रकम**
१	प्रकाश सापकोटा	३४००
२	शर्मिला बाँठा	८५०
३	तिलक चौलागाई	४२५०
४	पदम रावत	८५०
५	नयन बुढा मगर	८५०
६	अन्जु के.सी.	८५०
	जम्मा	११०५०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **८,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **१,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	११,०५०

२५ **इन्धन सुविधा** (२२९-2082-02-12):

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१०-२२** को निर्णयले रू **६,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२६ **भेरियसन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा सोको स्पष्ट कारण खुलाई भेरियसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ मा नियम ११८ मा निर्माण कार्यको भेरियसन आदेश जारी गर्नुपर्दा भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याई र कारण तथा लागत अनुमानमा प्रभाव पर्ने भए सोको प्रतिशत लगायतका विवरण खुलाई भेरियसन आदेश स्विकृत गर्ने अधिकार भएको सार्वजनिक निकायको प्रमुखले प्रमाणित गरेको हुनुपर्ने व्यवस्था छ। शहिद स्मारक मर्मत संभार तथा भगवती मन्दिरको जग्गा संरक्षण योजनाको लागि रु. ९९७२७२ लागत अनुमान स्विकृत गरी कोटेसन माग गरी सोझै खरिद विधिबाट मोहित हार्डवेयर एण्ड निर्माण सेवा प्रा.लि.मार्फत काम गराएकोमा देहाय अनुसारको items मा अस्वभाविक भेरियसन भएको देखिन्छ।

Items	Estimate अनुसारको परिमाण	काम भएको परिमाण	भेरियसन प्रतिशत
Supply and Fixing of trush member and all complete	६९१.२२ केजि	१३२२.९७	९१.३७

सुरु लागत अनुमान वास्तविक हुँदा लागत अनुमान रकम रु. १५५६२१ ले वृद्धि भई रु. १०३८१६३ कायम हुन गई खरिद विधि नै परिवर्तन गर्नुपर्ने र यस आईटममा कम रकम कबोल गर्ने दसौदी निर्माण सेवा एण्ड सप्लायर्स छनौट हुने देखिन्छ। ईस्टिमेट वास्तविक नहुँदा खरिद विधि र छनौट हुने निर्माण व्यवसायीमा फरक पर्न सक्ने देखिएकोले लागत अनुमानलाई वास्तविक बनाउनुपर्दछ।

२७ **पदाधिकारी सुविधा**

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन,२०७६ को दफा १३ मा यस ऐनले पदाधिकारी तथा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा आफ्नो स्रोत तथा क्षमताका आधारमा सम्बन्धीत स्थानीय तहले निर्णय गरी सुविधा घटाउन सक्नेछ भन्ने व्यवस्था छ। पालिका पदाधिकारी तथा सदस्यलाई यस वर्ष सुविधा तर्फ रु. ५९ लाख ३१ हजार भुक्तानी भएको छ। आन्तरिक आय तर्फ रु.१ करोड ३ लाख २० हजार प्राप्त भएको देखिन्छ। आन्तरिक आयको तुलनामा सुविधा भुक्तानी ५७.४७ प्रतिशत भएको देखिन्छ। पालिकाले पदाधिकारी तथा सदस्यहरुलाई सुविधा भुक्तानी गर्दा पालिकाको आन्तरिक आय र क्षमतालाई आधार मानि निर्धारण गर्ने तर्फ ध्यान दिनुपर्दछ।

२८ **शिक्षा तर्फ**

२८.१ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस पालिका अन्तर्गत विभिन्न ५४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

क्र.सं.	विद्यालयको तह	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये राहात/करार	रिक्त दरबन्दी
१	प्राथामिक तह (१-५)	१३५	१३५	२७/३	०
२	निम्नमाध्यमित तह (६-८)	२५	२३	०/८	२
३	माध्यामिक तह(९-१०)	१४	१२	०/६	२
४	माध्यामिक तह(११-१२)	८	६	२/२	२
जम्मा		१८२	१७६	४८	६

उल्लिखित विवरण अनुसार पालिकामा जम्मा १८२ स्वीकृत दरबन्दी रहेकोमा १२६ स्थायी पदपूर्ति र ४८ राहत/ करारमा नियुक्ति गरी जम्मा १७६ पदपूर्ति गरेको र ६ पद रिक्त रहेका छन्। पालिकाले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर प्रभावकारी बनाउन स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ।

२८.२ **शिक्षक विद्यार्थी अनुपात -** शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) मा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा पालिका अन्तर्गत ५४ सामुदायिक विद्यालयमा १४२ जना शिक्षक र ६५९८ विद्यार्थी रहेकोमा औषत शिक्षक विद्यार्थी अनुपात १:३६ रहेको छ। पालिका भित्रका सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको छ :-

क्र.सं.	विद्यालयको नाम र ठेगाना	शिक्षक सङ्ख्या	विद्यार्थी सङ्ख्या	शिक्षक विद्यार्थी अनुपात
१	जनजागृति प्रा.वि छाप	३	१००	१:३३
२	शिव प्रा.वि सापडाँडा	२	६०	१:३०
३	बालविकास प्रा.वि बोरिबाङ	३	१०९	१:३६
४	बागेश्वरी प्रा.वि गातिना	२	५०	१:२५
५	त्रिपुरेश्वरी आ.वि खारा	५	११५	१:२३
६	नेपाल राष्ट्रिय मा.वि डुब्रिङ	११	३२५	१:३०
७	जालनेटा प्रा.वि वाबाङ	१	४१	१:४१
८	बालकल्याण प्रा.वि हापखोला	२	६०	१:३०
९	बालकल्याण प्रा.वि बाईजा	१	२४	१:२४
१०	चन्द्रोदय आ.वि जस्पुर	५	११०	१:२२
११	भिमसेन मा.वि सैवाङ	२३	६५४	१:२८
१२	गणेश मा.वि धौलाबाङ	११	३१३	१:२८
१३	चेतनशिल प्रा.वि छिन्नेटा	१	४४	१:४४
१४	उमाभक्त आ.वि उमा	६	१८९	१:३१
१५	दहडाँडा प्रा.वि राम्ली	३	१२८	१:४२
१६	पद्मोदय मा.वि दाङचोट	७	१६८	१:२४
१७	कोलडाँडा प्रा.वि लापाल	३	१०८	१:३६
१८	जनज्योति आ.वि लामिडाँडा	५	२८७	१:५७
१९	गैरिगाँउ प्रा.वि गैरीगाँउ	१	४८	१:४८
२०	सिल्केपोखरी प्रा.वि गोरिनेटा	३	४८	१:१६
२१	दिपेन्द्र प्रा.वि दिसुन्धारा	२	४४	१:२२
२२	नेपाल राष्ट्रिय मा.वि रिठावोट	९	२४४	१:२७
२३	महेन्द्र मा.वि होलेरी	१८	४७७	१:२६
२४	बालकल्याण प्रा.वि हानबाङ	३	८६	१:२८
२५	सरस्वती मा.वि सतिम	९	२५२	१:२७
२६	पशुपति प्रा.वि गैरा	३	७८	१:२६
२७	सिद्ध प्रा.वि लिबाङ	१	२७	१:२७
२८	देवेश्वरी प्रा.वि बिबान्द्रे	१	२३	१:२३
२९	भानु आ.वि मगरगोरी	४	१६२	१:४०
३०	बालकल्याण आ.वि बलबाङ	५	१९५	१:३९

३१	ज्योतिपुञ्ज प्रा.वि सालिबाङ	१	५५	१:५५
३२	उत्तममजन प्रा.वि सालाबाङ	३	१२०	१:४०
३३	चन्द्रोदय आ.वि जवाङ	४	२११	१:५२
३४	इन्द्रदेवी आ.वि लखना	४	१७२	१:४३
३५	सुर्योदय ने.रा.प्रा.वि उँघा	२	३७	१:१८
३६	राष्ट्रिय प्रा.वि कट्टेधारा	१	९	१:९०
३७	हेमन्त आ.विजुर	५	२३२	१:४६
३८	सुर्योदय मा.वि मसिना	१०	५५८	१:५५
३९	जनता प्रा.वि भोर्ना	१	६६	१:६६
४०	सरस्वति आ.वि सखी	५	१६८	१:३३
४१	कृष्ण प्रा.वि पलासेनी	१	२७	१:२७
४२	बालकल्याण प्रा.वि साम्री	१	१२	१:१२
४३	बालबोध प्रा.वि गुनाम	३	७४	१:२४
४४	जनकल्याण मा.वि सर्पाल	१०	२४५	१:२४
४५	बालतपशि प्रा.वि रुन्टी	१	१४	१:१४
४६	बालज्योति प्रा.वि बिखुटी	१	२९	१:२९
जम्मा		**१८२**	**६५९८**	**१:३६**
दरवन्दी नभएका विद्यालयहरु				
क्र.स.	**विद्यालयको नाम र ठेगाना**	**शिक्षक सङ्ख्या**	**विद्यार्थी सङ्ख्या**	
१	सरस्वति प्रा.वि नयाँगाउ	०	२७	-
२	जनकल्याण प्रा. वि कोलबोट	०	३४	-
३	बालविद्या प्रा.वि. ओवाङ	०	५०	-
४	जनसेवा प्रा.वि खलिबाङ	०	२६	-
५	बिहानी प्रा.वि लिँघा	०	७९	-
६	नवज्योति प्रा.वि मसिना	०	८५	-
७	ज्ञानकुञ्ज प्रा.वि टुनिबोट	०	४६	-
जम्मा		**०**	**३४७**	

उल्लिखित विवरण अनुसार पालिकामा २४ विद्यालयको शिक्षक विद्यार्थी अनुपात १:३० भन्दा कम देखिन्छ। त्यस्तै ७ विद्यालयहरुमा शिक्षक दरवन्दी नभएको र विद्यार्थी संख्या ३४७ देखिन्छ। सार्वजनिक विद्यालय समायोजन एवं एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन)कार्यविधि, २०७६ अनुसार संघीय कानूनले तोकेबमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरेता पनि पूर्ण रुपमा कार्यान्वयन गरेको देखिएन।

२८.३

शिक्षकको तलब भत्ता अनुदान - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलबभत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। कार्यक्रम कार्यान्वियन कार्यविधिमा स्थानीय तहले कार्यरत शिक्षकको तलवभत्ता निर्धारण गर्दा केन्द्रको चलानी नं.१८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेभसाइटमा प्रकाशित विवरण अनुसार यकिन भएको दरबन्दीलाई शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ अनुसार दरवन्दी मिलान र व्यवस्थापन कार्य अध्यावधिक गरी दरवन्दी मिलानबाट कायम भएको दरबन्दी शिक्षक अनुदान कोटा राहत र प्रविधिकधार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरूका लागि विद्यालयबाट प्राप्त माग फाराम रुजु गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ। स्थानीय तहले कार्यान्वियन कार्यविधिले तोके अनुसार दरवन्दी मिलान र व्यवस्थापन गरेको शिक्षक कर्मचारीको नियमानुसार पाउने तलवमान हिसाव गर्दा तलव भत्ता नपुग भएमा अनुसूची-१ बमोजिमको फाराम भरी २०८१ माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गर्दा अप्रयाप्त हुने देखिएमा सिफारिस साथ २०८१ फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्र पठाई निकाशा भए बमोजिम अनुदान दिनुपर्ने व्यवस्था कार्यान्वियन कार्यविधिले गरेकोमा स्थानीयतहका लागि स्वीकृत दरवन्दी, शिक्षक अनुदान कोटा (राहत) र प्राविधिक धारतर्फका शिक्षक प्रशिक्षार्थीका लागि शसर्त अनुदान तर्फ बजेट व्यवस्था भई अनुदान उपलव्ध गराएकोमा स्थानीय तहले शिक्षक दरवन्दी मिलान व्यवस्थापन र विद्यार्थी संख्याको अनुपातको दरवन्दी यकिन नगरी शसर्तका अतिरिक्त यस वर्ष पालिका अन्तर्गतका विद्यालयहरुलाई थप अनुदान संघीय राजश्व बाँडफाँडबाट रु.६९,९२,७०० शिक्षकका तलव भत्ताका लागि उपलब्ध गराएको देखियो।

२८.४ **सेनिटरी प्याड** - सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको सेनिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा सेनिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने र कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६-१२ मा अध्ययनरत छात्रा विद्यार्थीको सङ्ख्या यकिन गरी मापदण्ड बमोजिम वार्षिक १० महिनाको लागि नि:शुल्क सेनिटरी प्याडको व्यवस्थापन गर्ने र सो को अनुगमन स्थानीय तहले गर्नुपर्ने व्यवस्था छ। पालिकाले सामुदायिक विद्यालयका १६३२ छात्रा विद्यार्थीका लागि १८००० थान सेनेटरी प्याड सगरमाथा सर्जिकल एण्ड केमिकल हाउसबाट प्रति सेनेटरी प्याड रु.९९.४९ (मू.अ.कर सहित) का दरले रु.१७ लाख ९१ हजारमा खरिद गरी भुक्तानी गरेको छ। पालिकाले २०८२।१।३ मा खरिद तथा दाखिला गरी १९ विद्यालयलाई वितरण गरेको भरपाई पेश गरेको छ। गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाण खरिद गरी वितरण गर्ने व्यवस्था गर्नुपर्दछ।

२८.५ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर - कार्यक्रम कार्यान्वियन कार्यविधिमा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। पालिकाले विद्यालयको शैक्षिक गुणस्तरबारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ।

(ख) निजि विद्यालय व्यवस्थापन - राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको देखिदैन। विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नुपर्दछ।

(ग) विद्यालयको लेखापरीक्षण - कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।८२ मा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यबस्था छ। पालिका अन्तर्गत ५४ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०८१।८२ को अन्तिम

लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण गराई प्रतिबेदन लिएको देखिएन।पालिकाबाट अनुदान जाने सम्पूर्ण विद्यालयहरुको समयमै लेखापरीक्षण गराई विद्यालयहरुमा वित्तीय अनुशासन कायम गराउनुपर्दछ।

(घ) अनुगमन - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद-३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा,म अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ। पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन।

२८.६ **सार्वजनिकरण** - अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा २७ मा निजी लगानीका विद्यालयले प्रारम्भिक बालविकास शिक्षा देखि बाह्र कक्षा सम्मका कूल विद्यार्थी संख्या अनुसार पाँचसय जनासम्म, पाँचसय देखि आठसय जनासम्म र आठसय भन्दाबढी विद्यार्थी संख्या भएका विद्यालयले क्रमशः कम्तीमा दश, बाह्र र पन्ध्र प्रतिशत विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान गर्न स्थान आरक्षण गर्नुपर्ने व्यवस्था छ। शिक्षा नियमावली, २०५९ को नियम १५१ मा संस्थागत विद्यालयले गरीव, अपाङ्ग, महिला,दलित र जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रका विद्यालयको अनुगमन गरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वियनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिका र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनुपर्नेमा सार्बजनिक गरेको देखिएन।

२९ औषधि खरिद

पालिकालाई आवश्यक पर्ने औषधीको वार्षिक परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपुर्ति व्यवस्थापन गर्नुपर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं, उत्पादक कम्पनीको नाम र निशुःल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यस वर्ष पालिकाले संघीय सरकारबाट हस्तान्तरित सशर्त चालु बजेटबाट युदीप मेडिको सप्लायर्ससँग रु.२१४८६३९ को औषधी खरिद गरेको देखिन्छ। कार्यालयले ELMIS system बाट PAMS V2 मा एकीकृत हुन लागेकोले औषधीको प्रयोग, मौज्दात र म्याद सकेको या सकिन लागेको बताए अनुसार सो सम्बन्धमा यकिन हुन सकिएन।अतः पालिकाले औषधी खरिद, उपयोग, मौज्दात र औषधीको म्यादको अवस्था यकिन गरी औषधी खरिदलाई ब्यवस्थित बनाउनुपर्दछ।

३० पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न व्यक्ति/संस्थालाई दिएको पेश्की गत वर्षको रु.१४४८४० तथा यो वर्षको रु.२५०००० समेत आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.३ लाख ९४ हजार ८४० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

क्र.सं	गो भौ नं र मिति	विवरण	पेश्की लिनेको नाम	जम्मा रकम
१	१-२०८१।४।१	सामाजिक सुरक्षा वडास्तरमा कार्यक्रम	ध्रुव प्रकाश मल्ल	१४४८४०
२	१२०-२०८१।९।१७	औषधी खरिद	दिगो विकासका लागि सहकार्य नेपाल	२५००००
जम्मा				३९४८४०

पेश्की	२,५०,०००

३१ **कार्यविधि विपरीत भुक्तानी**

सशर्त अनुदान सम्बन्धि कार्यविधि २०८० को दफा ९ मा जुन क्षेत्रमा काम गर्ने गरी स्थानीय तहलाई अनुदान रकम उपलब्ध गराउने हो सोही क्षेत्रमा मात्र उपयोग गर्नुपर्ने, यस आर्थिक वर्ष भित्रमा सम्पन्न हुने कार्यक्रम संचालन गर्नको लागि मात्र अनुदान रकमको प्रयोग गर्नुपर्ने साथै यस आर्थिक वर्षभित्र सम्पन्न हुन नसकेमा त्यस्ता कार्यक्रम सम्पन्न गर्ने आर्थिक दायित्व मन्त्रालयको नहुने व्यवस्था छ। पालिकाले गो.भौ.नं. १२०।०८१।९।१७ मा औषधि खरिद शिर्षकबाट दिगो विकासका लागि सहकार्य नेपाललाई कार्यपालिकाको ०८१।९।७ गतेको निर्णय बमोजिम रु.२५०००० पेश्की दिएको देखियो।यसरी कार्यविधि विपरीत कार्यपालिकाको निर्णयको आधारमा पेश्की दिएको रकम नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	२,५०,०००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : रुन्टीगढी गाउँपालिका, रोल्पा , रुन्टीगढी गाउँपालिका , रोल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	धनि प्रसाद खड्का	२०८१-०६-०७	हाल सम्म कार्यरत
लेखा प्रमुख	झग्गु के.सी	२०७६-९-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२८,६२०	५,३६८,६४८	३३१,७८७	०	०	२५०,०००
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	५,९७९,०५५
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	३३६,५७०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	५,६४२,४८५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		२६०६४१५६.२९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३४६५६८६७४.१४	चालु खर्च	३४७७०१५४४.१६
प्रदेश सरकारबाट अनुदान	२६३५००५५	पूँजीगत खर्च	१४७९०९८१५
राजश्व बाँडफाँट	१२१८७६३८३.३३	वित्तीय/अन्य व्यवस्था	११४६५१९४३.६४
आन्तरिक आय	१०३१९३९३.९९		
अन्य आय	११३४७१७९८.२५		
कुल आय	६१८५८६३०४.७१	कुल खर्च	६१०२६३३०२.८०
बाँकी मौज्दात		३४३८७१५८.२	

अनुसूची - २

बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		११,५६,५२,७८४.५२	०.००	११,५६,५२,७८४.५२	१०,२७,६७,४१३.९६	०.००	१०,२७,६७,४१३.९६
१३०००	अनुदान		३७,२९,१८,७३०.१४	०.००	३७,२९,१८,७३०.१४	३४,०५,९६,९३७.३०	०.००	३४,०५,९६,९३७.३०
१४०००	अन्य राजस्व		१,५८,३४,२५१.६०	०.००	१,५८,३४,२५१.६०	१,०५,९२,४८९.६०	०.००	१,०५,९२,४८९.६०
१५०००	विविध प्राप्ति		७,७५,६४४.००	०.००	७,७५,६४४.००	०.००	०.००	०.००
क	कुल जम्मा प्राप्ति		५०,५१,८१,४१०.२६		५०,५१,८१,४१०.२६	४५,३९,५६,८४०.८६		४५,३९,५६,८४०.८६
३	चालु		३४,७७,०१,५४४.१६	०.००	३४,७७,०१,५४४.१६	३२,६६,०४,५७२.३०	०.००	३२,६६,०४,५७२.३०
२१०००	पारिश्रमिक / सुविधा		१९,०१,२५,२४८.१६	०.००	१९,०१,२५,२४८.१६	६,५७,४५,०१६.६७	०.००	६,५७,४५,०१६.६७
२२०००	मालसामान तथा सेवाको उपयोग		१५,३४,६३,२९६.००	०.००	१५,३४,६३,२९६.००	१३,०१,२८,१९८.६३	०.००	१३,०१,२८,१९८.६३
२३०००	स्थिर सम्पत्तिको उपभोग खर्च		०.००	०.००	०.००	१,८४,०४७.००	०.००	१,८४,०४७.००
२५०००	सहायता (Subsidy)		२५,३३,०००.००	०.००	२५,३३,०००.००	०.००	०.००	०.००
२६०००	अनुदान		०.००	०.००	०.००	१२,९५,२५,८५५.००	०.००	१२,९५,२५,८५५.००
२८०००	अन्य खर्च		१५,८०,०००.००	०.००	१५,८०,०००.००	१०,२१,४५५.००	०.००	१०,२१,४५५.००
४	पुँजीगत		१४,७९,०९,८१५.००	०.००	१४,७९,०९,८१५.००	१४,०९,७३,२६३.००	०.००	१४,०९,७३,२६३.००
३१११०	भवन तथा संरचना		४,८९,००,८४४.००	०.००	४,८९,००,८४४.००	२,०३,५०,२५६.००	०.००	२,०३,५०,२५६.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		३३,७५,२७४.००	०.००	३३,७५,२७४.००	५३,१३,०८५.००	०.००	५३,१३,०८५.००
३११५०	सार्वजनिक निर्माण		९,४७,१६,०३०.००	०.००	९,४७,१६,०३०.००	११,५३,०९,९२२.००	०.००	११,५३,०९,९२२.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		९,१७,६६७.००	०.००	९,१७,६६७.००	०.००	०.००	०.००
ख)	कुल जम्मा भुक्तानी		४९,५६,११,३५९.१६		४९,५६,११,३५९.१६	४६,७५,७७,८३५.३०		४६,७५,७७,८३५.३०
ग)	बचत /कमी (ग = क-ख)		९५,७०,०५१.१०		९५,७०,०५१.१०	(१,३६,२०,९९४.४४)		(१,३६,२०,९९४.४४)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		(१२,४७,०४९.१९)		(१२,४७,०४९.१९)	(१६,४५,३९६.१९)		(१६,४५,३९६.१९)
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी		७,१४८.००		७,१४८.००			

ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		८३,२३,००१.९१		८३,२३,००१.९१	(१,५२,६६,३९०.६३)		(१,५२,६६,३९०.६३)
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		२,६०,६४,१५६.२९		२,६०,६४,१५६.२९	४,१३,३०,५४६.९२		४,१३,३०,५४६.९२
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		३,४३,८७,१५८.२०		३,४३,८७,१५८.२०	२,६०,६४,१५६.२९		२,६०,६४,१५६.२९

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा त्यस पालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग-अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।